# लिखु तामाकोशी गाउँपालिका


## स्थानीय राजपत्र

खण्डः ९ संख्याः ११ मितिः २०८१\०९\२३


भाग–२

लिखु तामाकोशी गाउँपालिका

# स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः२०८१/०९/२३**

## स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः** बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० को उपदफा ३ बमोजिम र बाग्मती प्रदेश सरकारको प्रदेश बालबालिकासम्वन्धी ऐन २०७६ को दफा ४६ बमोजिम बाल अधिकारको संरक्षण र संवर्द्धनका लागि कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी लिखु तामाकोशी गाउँपालिकाले कार्यविधि बनाइ लागू गरेको छ ।

## परिच्छेद-१ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम लिखु तामाकोशी गाउँपालिकाको स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७८ रहेको छ।

ख) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः**

क) **"ऐन"** भन्नाले बालबालिकासम्बन्धी ऐन २०७५ सम्झनुपर्दछ ।

ख) **"मन्त्रालय"** भन्नाले नेपाल सरकारको बालबालिका सम्बन्धी विषय हेर्ने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्दछ।

ग) **"प्रदेश मन्त्रालय"** भन्नाले नेपाल सरकारको बाग्मती प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनुपर्दछ।

घ) **"प्रदेश समिति"** भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० को उपदफा १ बमोजिमको प्रदेश बाल अधिकार समितिलाई सम्झनु पर्दछ ।

ङ) **"गाउँपालिका"** भन्नाले लिखु तामाकोशी गाउँपालिकालाई सम्झनु पर्दछ ।

च) **"बाल कल्याण अधिकारी"** भन्नाले बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ६१ बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारीलाई सम्झनु पर्दछ ।

छ) **"समिति"** भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० को उपदफा २ तथा यस कार्यविधिको दफा ३ तथा ५ बमोजिमको स्थानीय बाल अधिकार समितिलाई सम्झनु पर्दछ ।

ज) **"बाल अधिकार समिति"** भन्नाले लिखु तामाकोशी गाउँपालिकाको बाल अधिकार समिति र यस पालिका अन्तर्गत गठित वडा बाल अधिकार समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

**३. लिखु तामाकोशी गाउँपालिकाको बाल अधिकार समिति गठनः** १) बालबालिकाको अधिकार र हकहितको संरक्षण र संवर्द्धन गर्न देहाय बमोजिमको गाउँपालिका बाल अधिकार समिति रहनेछः

क) उपाध्यक्षले तोकेको कार्यपालिका सदस्य - अध्यक्ष

ख) उपाध्यक्षले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्य - सदस्य

ग) शिक्षा शाखा प्रमुख - सदस्य

घ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

ङ) अध्यक्ष वा उपाध्यक्षले तोकेको चिकित्सक - सदस्य

च) गाउँपालिका भित्रको प्रहरी कार्यालय प्रमुख - सदस्य

छ) अध्यक्ष वा उपाध्यक्षले तोकेको माध्यमिक विद्यालयको शिक्षक वा प्रधानाध्यापक - सदस्य

ज) बाल संरक्षण र बाल अधिकारको क्षेत्रमा अनुभवी मध्येबाट अध्यक्ष वा उपाध्यक्षले तोकेको २ जना - सदस्य

झ) बाल अधिकारको क्षेत्रमा क्रियाशील गैह्रसरकारी संस्था प्रतिनिधी १ जना - सदस्य

ञ) बाल मनोविज्ञ १ जना - सदस्य

ट) स्थानीय संचारकर्मी १ जना - सदस्य

ठ) बालक्लबको सदस्य वा वालवालिका प्रतिनिधी १ जना - सदस्य

ड) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख - सदस्य-सचिव

गाउँपालिका अध्यक्षलाई स्थानीय बाल अधिकार समितिको बैठकमा विशेष आमन्त्रण गरिनेछ ।

२) मनोनित सदस्यको पदावधी ४ बर्षको हुनेछ र खण्ड ज, झ, ञ, ट, र ठ बमोजिम सदस्यमा मनोनयन हुनका लागि भ्रष्टचार, जर्वजस्ती करणी, मानव वेचविखन तथा ओसारपसार लागूऔषध विक्री वितरण तथा ओसारपसार, सम्पत्ती शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरणसम्वन्धी कसुर, सँगठित अपराध, बालबालिका बिरुद्धको कसुर, बाल अधिकार हनन वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति हुनुपर्नेछ ।

## ४. गाउँ बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार

१) दफा ३ बमोजिम गठन हुने गाउँ बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) समितिको दीर्घकालीन नीति, योजना र बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने ।

ख) बालवालिकाको अधिकारको सम्मान, संरक्षण प्रवर्द्धन र परिपूर्तिका लागि स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न गाउँपालिकालाई सुझाव दिने ।

ग) गाउँपालिकामा बालकालिका सम्बन्धी संचालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन र समीक्षा गरी सुझाब दिने ।

घ) बाल अधिकारसम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार अन्य स्थानीय तह र सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्ने।

ङ) स्थानीय तह स्तरीय बालबालिका सम्वन्धी विवरण प्रतिवेदन तयार गर्न सहजिकरण गर्ने। आवश्यकतानुसार सो को विवरण नेपाल सरकारको सम्बन्धित निकाय वा सरोकारवालालाई उपलब्ध गर्ने ।

च) गाउँपालिकाभित्र हुनसक्ने बाल विवाह, बालबालिका ओझझसारपसार तथा बेचबिखन, बालबालिकाको अनावश्यक परिवार विछोड, बालश्रम, बाल दुव्र्व्यवहारहझरु (शारिरिक, भावनात्मक, मौखिक, बेवास्ता वा उपेक्षा र बालयौन दुव्यवहार) जस्ता सबै प्रकारको बाझलहित विपरितको क्रियाकलापहरुलाई रोकथाम, नियन्त्रण र निषेध गर्ने, सडक बालबालिकाको उद्धार तथा पुनस्थापना, संरक्षण र

व्यवस्थापनका साथै बाल हेल्पलाइन (१झ०९८) र बालबालिका खोजतलास तथा समन्वय केन्द्र (१०४) सञ्चालन तथा सेवा अभिवृद्धिमा समन्वय र सहकार्य गर्ने ।

छ) बाल अधिकारको संरक्षण तथा सबर्द्धनको लागि सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।

ज) बालबालिकासम्बन्धी प्रतिवेदन तयार झगरी प्रदेश सरकार, राष्ट्रिय बाल अधिकार परिषद, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र सम्बन्धित निकायहरुमा पठाउने ।

झ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क, विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन र सुदृढीकरणमा सहयोग गर्ने ।

ञ) बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि सञ्चालन हुने प्रदेश, राष्ट्रिय र गाउँपालिकाको अभियानमा सहयोग गर्ने ।

ट) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको विवरण तयार गरी उपयुक्तता र आवश्यकताको आधारमा जैविक परिवार, नातेदार परिवार र इच्छुक परिवारलाई बढवा दिई उनीहरुको संरक्षणको व्यवस्थापन मिलाउने । बालगृह वा संस्थागत स्याहारलाई बालबालिकाको वैकल्पिक स्याहारको अन्तिम विकल्पको रुपमा मात्र प्रयोग गर्ने।

ठ) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र लिन तथा दिन, संरक्षक र माथवार नियुक्त गर्न गाउँपालिका र अदालतलाई सहयोग गर्ने।

ड) प्रचलित कानुन तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बालगृह वा बालसुधारगृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरुको अनुगमन गरी सुधारको लागि निर्देशन दिने र निर्देशन पालना नगरेमा बन्द तथा कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।

ढ) बालबालिकाको संरक्षण लागि आकस्मिक सहयोग तथा दिगो विकासका लागि श्रोत (आर्थिक, भौतिक र मानवीय) व्यवस्था मिलाउने ।

ण) गाउँपालिकाभित्र सञ्चालित बालगृह, बालसुधारगृह, अस्थायी संरक्षण सेवा केन्द्र पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरुको संरक्षणमा आश्रित बालबालिकाको समग्र स्थिती र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारीताको सम्बन्धमा देहायको बुँदाहरुमा अनुगमन टोली समिति गठन गरी अनुगमन गर्ने, गराउनेः

१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ कि छैन,

२) बालवालिकालाई आवश्यकतानुसारको औपचारिक तथा अनौपचारिक शिक्षा, उमेर अनुसारको जीवनोपयोगी सीप तथा तालिम प्रदान गरिएको छ वा छैन,

३) बालबालिकालाई खेलकुद, मनोरञ्जन तथा साँस्कृत्तिक कार्यक्रम र अन्य सिर्जनात्मक क्रियाकलापहरुमा सहभागिता गराइएको छ वा छैन,

४) बालबालिकालाई प्रचलित ऐन, कानून र मापदण्ड बमोजिमको सेवा तथा सुविधा प्रदान गरिएको छ वा छैन,

५) बालगृह, बालसुधारगृह, अस्थायी संरक्षण सेवा केन्द्र पुनरुथापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरुमा अबलियत क्रियाकलापहरु भएको छ वा छैन,

६) उपखण्ड ५ मा उल्लेखित गृह र केन्द्रमा बालमैत्री व्यवहार तथा बातावरण कायम गरिएको छ वा छैन,

७) बालगृहमा आश्रित बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकतानुसार अन्तिम विकल्पको रुपमा बाल कल्याण अधिकारीबाट व्यवस्था मिलाइ राखिएको छ या छैन,

८) व्यवस्थापन पक्ष तथा बालबालिकाले प्रचलित मापदण्ड तथा कानुन बमोजिमको आचारसंहिता तथा मापदण्डाहरु पालना गरेको छ वा छैन,

९) उपलब्ध स्रोतसाधनलाई मध्यनजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

१०) बाल संरक्षणसम्बन्धी मापदण्ड वा बाल संरक्षणसम्बन्धी नीति बनाइ लागू गरिएको छ वा छैन,

त) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने ।

२) बाल अधिकार ममितिले उपदफा १ बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकतानुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३) स्थानीय बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ बमोजिम बाल अधिकारको सम्मान, संरक्षण तथा सम्बोधन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि देहाय बमोजिमको कार्य गर्नुपर्नेछः

क) कुनै पनि बालबालिका जोखिमपूर्ण अवस्थामा रहेको भेटिएमा वा सूचना प्राप्त भएमा निजको सर्वोतम हितलाई ध्यानमा राखी प्रहरी प्रशासनको सहयोगमा उद्धार तथा पुनःस्थापनाको कार्य गर्ने। घटना व्यवस्थापन प्रक्रियालाई अवलम्बन गर्दै बालबालिकाको संरक्षकत्व प्रदान गर्ने सो को विवरण स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ।

ख) कुनै बेबारिसे बालबालिका फेला परेमा वा अन्य कोही व्यक्तिले बुझाउन ल्याएमा त्यस्ता बालवालिकाको यथासम्भव तीनपुस्ते नामथर, ठेगाना, शरीरमा रहेको कुनै विशेष चित्ह सहितको विवरण र औंठाछाप सहितको विवरण राखी नजिकको व्यक्ति वा संस्थालाई जिम्मा लगाउने ।

ग) बेवारिसे बालवालिकाको वावुआमा, अभिभावक, नातेदार वा संरक्षक पत्ता लगाउने प्रयोजनका निमित्त बाल कल्याण अधिकारीले हुलिया तथा फोटो सहितको सूचना कुनै पत्रपत्रिका वा संचार माध्यममा प्रशारण गर्न वा गराउन सक्नेछ।

घ) अध्यक्षको निर्देशनमा बैठक सञ्चालन गर्ने ।

ङ) स्थानीय बाल अधिकार समिति, वडास्तरीय बाल अधिकार समिति र अन्य सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने ।

च) बालबालिकाको विशेष हेरचाह र संरक्षणको क्षेत्रमा काम गर्ने निकाय तथा संघसस्थाहरुको सेवाको मापन गर्ने ।

छ) बालकोषको आवश्यकतानुसार सञ्चालन एवम् परिचालन गर्ने।

ज) विशेष संरक्षणको आवश्यकता भएका बालवालिकाको संरक्षक तोक्ने ।

झ) समितिले गरेको कार्यको नियमित प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने, गराउने,

ञ) बालबालिकाको अभिलेख व्यवस्थित गर्ने, गराउने।

**५. वडा बाल अधिकार समितिको गठनः (१)** गाउँपालिकामा प्रत्येक वडाभित्र देहाय बमोजिमको वडा बाल अधिकार समिति रहनेछः

| | |
|---|---|
| क) वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको व्यक्ति | -अध्यक्ष |
| ख) वडा महिला सदस्य | -सदस्य |
| ग) वडाभित्रको स्वास्थ्य संस्था प्रमुख वा प्रतिनिधी | -सदस्य |
| घ) वडाभित्रको सामुदायिक विद्यालयको प्रधानाध्यापक वा वडाध्यक्षले तोकेको १ जना शिक्षक | -सदस्य |
| ङ) बालबालिकाको क्षेत्रमा क्रियाशीय गैह्रसरकारी संस्थाबाट वडाध्यक्षले तोकेको प्रतिनिधि | -सदस्य |
| च) वडा महिला संजाल प्रतिनिधी | -सदस्य |
| छ) वडा बाल संजाल प्रतिनिधी वा बालक्लब प्रतिनिधी | -सदस्य |
| ज) बाल अधिकारको क्षेत्रमा कार्यानुभव भएको वडाध्यक्षले तोकेको व्यक्ति | -सदस्य |
| झ) वडा सचिव | - सदस्य-सचिव |

(२) वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः

क) बाल अधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान, योजना तर्जुमा गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।

ख) वडाभित्रका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र गाउँ बाल अधिकार समितिमा पठाउने ।

ग) वडाभित्र बालबालिकाको क्षेत्रमा क्रियाशील सेवा प्रदायक संघसस्था र बालक्लव लगायतका सरोकारवालाबीच आवश्यक समन्वय र सहकार्य गरी बाल अधिकारसम्बन्धी संरक्षणात्मक र प्रवर्द्धनात्मक कार्यहरु गर्ने, गराउने ।

घ) स्थानीय संघसस्थालाई बाल अधिकारको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने ।

ङ) जोखिममा परेका बालबालिकाको तत्काल उद्धार, संरक्षण र पुनःस्थापना गर्न स्थानीय बाल अधिकार समिति र सम्बन्धित निकायसँग समन्वय गर्ने ।

च) वडाभित्र बाल अधिकार हनन भएका घटनाका सम्बन्धमा सम्बन्धित निकायसँग समन्वयकारी भूमिका निर्वाह गर्ने ।

छ) आवश्यकतानुसार बालबालिकाको लागि आकस्मिक सहयोगको व्यवस्था मिलाउने ।

ज) बाल अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका लागि वकालत गर्ने र वडा समितिलाई बाल अधिकारको क्षेत्रमा आवश्यक सुझाव दिने ।

झ) वडाभित्र बालबालिकाको क्षेत्रमा भएगरेका कार्यक्रमहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गरी आवश्यक सुझाव सहित गाउँ बाल अधिकार समितिमा पठाउने ।

ञ) स्थानीय बाल अधिकार समितिले गरेको निर्णयलाई बाल कल्याण अधिकारी वा स्थानीय बाल अधिकार समितिको सदस्य सचिवको समन्वयमा कार्यान्वयन गर्ने गराउने ।

ट) बालमैत्री वडा बनाउन आवश्यक पूर्वाधारहरु तयार पर्ने ।

ठ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने गराउने ।

(३) **पालिका तथा वडा बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधिः** गाउँ बाल अधिकार समिति तथा वडा बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधी देहाय बमोजिम निर्धारण गरिएको छः

क) समितिको बैठक वर्षमा कम्तीमा ४ पटक र आवश्यकतानुसार बाल कल्याण अधिकारीको सिफेरिसमा अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

ख) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।

ग) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना बैठकमा छलफल हुने विषयवस्तुको सूची सहित समितिका सदस्यहरुलाई कम्तीमा २ दिन अगाडि उपलब्ध गराउनुपर्नेछ ।

घ) समितिमा कायम रहेका सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

ङ) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र यदि अध्यक्ष अनुपस्थित रहेको खण्डमा निजले तोकेको सदस्यले पनि बैठकको अध्यक्षता गर्न सक्नेछ ।

च) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ। यदि मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

छ) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

ज) समितिको बैठक तथा सञ्चालन खर्च गाउँपालिकाको नियमानुसार हुनेछ ।

झ) बैठक सम्बन्धी अन्य कार्यविधी समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

ञ) समितिको बैठकमा विषयवस्तुसँग सम्बन्धित व्यक्तिहरुलाई आवश्यकतानुसार आमन्त्रण गर्न सकिनेछ ।

(४) **उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः** (१) स्थानीय समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नका निमित्त बाल विशेषज्ञ वा विज्ञ, बाल मनोविज्ञ, समाजसेवी, सामाजिक कार्यकर्ता शिक्षक, चिकित्सक, बाल क्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरुमध्ये

आवश्यकतानुसार समावेश हुनेगरी निश्चित अवधिका लागि बढीमा ३ सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे बापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवासुविधा तथा अन्य कार्यविधी गाउँपालिकाको प्रचलित नियमानुसार समितिले तोकिदिए बमोजिम हुनेछ ।

६. **विविधः** स्थानीय बाल अधिकार समितिलाई अङ्ग्रेजीमा Local Child Right Committee भनिनेछ।

**आज्ञाले**

**धनेन्द्र भुजेल**

**प्रमुख प्रशासकीय अधिकृत**